मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २९५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ भदौ २५ गते शनिबार (Saturday, September 10. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कम्प्युटर सामग्रीमा हानी नोक्सानी पुऱ्याउने व्यक्ति पक्राउ

**काठमाडौं, भदौ २४।** कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच पुऱ्याई डाटा नष्ट गरी हानी-नोक्सानी पुऱ्याउने ललितपुर महानगरपालिका-२ झम्सिखेलस्थित जेनिस सोलुसन प्रालिका सञ्चालक काठमाडौं-९ बत्तीसपुतली बस्ने ५० वर्षीय प्रशन्न पोखरेललाई प्रहरीले पक्राउ गरेको छ

सुन्दर ग्रुप अफ कम्पनीज प्रालि सञ्चालन गरी कम्प्युटर तथा लेखा सम्बन्धी उपकरणहरुको कारोवार, कम्प्युटरको थोक व्यापार, विविध वस्तुहरुको आयात निर्यात गर्ने लगायतका विविध सेवा प्रदान गर्दै आएकोमा सोही कम्पनीले आफ्नो र ग्राहकहरुको हितलाई लक्षित

*(बाँकी अन्तिम पृष्ठमा)*



१२ वर्षसम्म अलपत्रमा परेको पुलः संखुवासभा र भोजपुर जोड्ने लम्सुवाघाटस्थित अरुण नदीको अलपत्र पक्की पुल। १२ बर्ष बित्दा समेत अरुण नदीमा पक्की पुल निर्माण हुन सकेको छैन। पक्की पुल निर्माणको ठेक्का पाएको स्वच्छन्द निर्माण सेवाले पुलको जमिनमुनिको पिलर बिल निर्माण गर्ने क्रममा १२ मिटरमै चट्टान भेटिएको भन्दै अलपत्र छाडेको छ। तस्वीरः रासस

### प्रतिनिधिसभा निर्वाचन

# एमालेको विरासत भत्काउने दौडमा कांग्रेस

**झापा, भदौ २४।** आसन्न मंसीर ४ हुने प्रतिनिधि र प्रदेशसभा सदस्यको निर्वाचनमा इलाममा नेपाली कांग्रेसले जीत सुनिश्चित गर्ने रणनीति तयार गरेको छ।

पार्टी सभापति डम्बर खड्काले दलसंगको गठबन्धनलाई निरन्तरता दिएर पनि जीत आफ्नो पक्षमा पार्ने बताएका छन्। पूर्वाञ्चल दैनिकसंग कुराकानी गर्दै सभापति खड्काले नेकपा (एकीकृत समाजवादी)का नेता झलनाथ खनाललाई समेत चुनाव जिताएर पठाउने दावी गरे। उनले खनाललाई जिताएर पठाएपछि उनी राष्ट्रपति हुने र उपनिर्वाचनमा सो क्षेत्रमा पुनः नेपाली कांग्रेसले नै जीत हासिल गर्ने बताए।



त्यसो त निर्वाचनको मिति नजिकिएसँगै इलाममा चुनावी चर्चा शुरु भएको छ। इलामबाट पूर्व प्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादी पार्टीका नेता खनाल र संविधानसभा अध्यक्ष एवम् नेकपा एमालेका नेता सुवासचन्द्र नेम्वाङले प्रतिनिधित्व गर्दै आएका छन्।

२०४८ सालको आम निर्वाचनदेखि लगातार ६ वटा निर्वाचनमा इलामको क्षेत्र नम्बर १बाटै लड्दै आएका खनाल २०५६ सालमा भने पराजित भएका थिए। बिगतका सबै निर्वाचन नेकपा एमालेबाट लडेका उनी यस पटक नयाँ दल नेकपा एकीकृत समाजवादीबाट लड्नेछन्। उनलाई निर्वाचित गराउन नेपाली कांग्रेसको साथ रहने सभापति खड्काले बताए। चुनावी तालमेलमा इलाम क्षेत्र नं. १को प्रतिनिधिसभा सदस्य र प्रदेससभा सदस्यमा नेकपा (एकीकृत समाजवादी) ले पाउने छ।

त्यस्तै क्षेत्र नं. २को प्रदेशसभा सदस्यमा माओवादी केन्द्रले पाउने र बाँकी रहेका स्थानमा नेपाली कांग्रेसले नेतृत्व गर्ने छ। नेपाली कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि सबै उम्मेदवारको नाम सिफारिस समेत गरेको छ। क्षेत्र १ र २ दुवैमा जिल्ला सभापति डम्बरबहादुर खड्काको नाम प्राथमिकतामा सिफारिस भएको छ। क्षेत्र १मा सभापति खड्का र भेषराज आचार्य भुपेन्द्र कट्टेल, टीकाराम लेप्चा र सुजता परियारको नाम सिफारिस भएको छ।

त्यस्तै क्षेत्र २मा डम्बर खड्का, भेषराज आचार्य, केशव थापा, बेनुपराज प्रसाईं, नगेन्द्र कुमाल, सुजता परियार र रमेश लिङ्देनको नाम सिफारिस भएको छ। प्रतिनिधिसभा क्षेत्र १को प्रदेशसभा (क) मा खगेश्वरी पौडेल बन्दना, देवेन्द्र सुवेदी, उद्धव पौडेल, देवेन्द्रकुमार राई, हुकुमलाल थेबे, हरि लुइँटेल, सञ्जीव ढकाल, प्रकाश भट्टराई र मिलन क्षेत्रीको नाम सिफारिस भएको छ। क्षेत्र १ (ख)मा शम्शेर राई, विष्णु (हेमकुमार) कार्की, भीष्म प्रधान, निस्कल राई, जीवन नेपाल, सन्तोष गुरुङ र ध्रुव राई सिफारिस भएको बताइएको छ।

प्रतिनिधिसभा क्षेत्र २को प्रदेशसभा (क) मा निरोज खड्गी, राजेन्द्र शर्मा, गोविन्द गिरी, पूर्ण गौतम, राजेन्द्र बाँस्तोला र प्रदीप अर्यालको नाम छ भने क्षेत्र २ को (ख)मा लक्ष्मण पाण्डे, यामकुमार बुढाथोकी, कमल कार्की, डम्बरबहादुर लिम्बू र रामकुमार श्रेष्ठको नाम सिफारिस भएको छ। क्षेत्रबाट सिफारिस भएर आएको नाम जस्ताको त्यस्तै जिल्ला समितिको बैठकबाट प्रदेश समितिमा सिफारिस गरिएको सभापति खड्काले बताए।

**गठबन्धन भए खनाललाई सहज**

स्थानीय निर्वाचन २०७९ को मत परिणाम अनुसार इलामको क्षेत्र नम्बर १मा गठबन्धन भए झलनाथ खनाललाई जित निकाल्न सहज हुने देखिएको छ।

वडा तहको मत परिणाम अनुसार सो क्षेत्रमा एमालेको मत जम्मा २४ हजार ८२१ छ। यता गठबन्धन दलमध्ये नेपाली काँग्रेसकै मत २४ हजार ८४६ छ भने गठबन्धनकै अर्को घटक माओवादीको १ हजार २३५, नेकपा एकीकृत समाजवादीको ९ हजार ४७८ र जनता समाजवादी पार्टीको १ हजार ८२९ मत गरी जम्मा ३७ हजार ३८८ मत छ।

**सुवासलाई गठबन्धनले सकस**

यता इलाम क्षेत्र नम्बर २मा ०५६ सालदेखि अपराजित रहेका सुवासचन्द्र नेम्वाङलाई भने गठबन्धनले अप्ठ्यारो पार्ने देखिएको छ।

उनी एमालेका प्रभावशाली नेता हुन्। उनी दुईपटक संविधानसभा अध्यक्ष भइसकेका छन्। ०६४ सालको संविधानसभा निर्वाचन, ०६९को दोस्रो संविधानसभाको निर्वाचनमा पनि सोही निर्वाचन क्षेत्रबाट विजयी बनेका उनी ०७४ सालको संसदीय निर्वाचनमा भने माओवादी र एमालेबीचको गठबन्धनबाट विजयी बनेका थिए। उनले त्यसबेला ३६ हजार ५१७ मत ल्याएका थिए। उनको निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसका केशव थापाले २६ हजार ८६५ मत ल्याएका थिए।

यसपटक पनि सो क्षेत्रमा काँग्रेसबाट केशव थापा र भेषराज आचार्य उम्मेदवार बन्न सक्ने चर्चा छ। यस्तै काँग्रेसका इलाम जिल्ला सभापति डम्बर खड्काको पनि चर्चा छ। लिम्बू आदिवासी जनजातिको बाहुल्य क्षेत्र रहनु र प्रतिस्पर्धी उम्मेदवार बलियो नहुँदाको फाइदा उठाउँदै आएका नेम्वाङले यसपटक भने सत्तारुढ ४ पार्टीका विरुद्ध एक्लै उभिनुपर्ने भएको छ। चुनावी अंकगणित यसपटक सुवासको विपक्षमा देखिन्छ।

स्थानीय तह २०७९को मत परिणाम अनुसार नेम्वाङको क्षेत्रमा वडाध्यक्षहरुको मत जोड्दा एमालेको ३२ हजार ५२७ मत छ। यता गठबन्धन दलहरु कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी र जसपाको मत जोड्दा ३६ हजार ५६२ मत हुन आउँछ।

# बजारमा सिटामोलको माग उच्च

**झापा, भदौ २४।** नेपालमा डेङ्गु ज्वरोको सङ्क्रमण बढेसँगै बजारमा सिटामोल औषधिको माग उच्च रहेको छ।

औषधिको माग उच्च भएसँगै यसको अभाव हुन थालेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल औषधि उत्पादक संघले भने बजारमा सिटामोलको अभाव नभएको जनाएका छन् तर सामान्य ज्वरो आउँदा औषधि पसलमा सिटामोल किन्न जाँदा भने सर्वसाधारणले पाइरहेका छैनन्।

उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जिउ पूरै दुख्ने, वान्ता हुने, खान मन नलाग्ने, पखाला लाग्ने, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि डेङ्गुका लक्षण हुन्। ती लक्षणका लागि बिरामीलाई सिटामोल र जीवनजलजस्ता औषधिको खानुपर्दछ तर त्यही सिटामोलजस्तो औषधिको अभाव भएको जनाइएको छ।



काठमाडौँ उपत्यका लगायत देशका अन्य जिल्लामा दैनिक डेङ्गुका बिरामी बढिरहेका छन्। अहिलेसम्म छ हजारभन्दा बढी डेङ्गुका बिरामी पुष्टि भइसकेको मन्त्रालयले जनाएको छ। डेङ्गुको प्रकोप बढ्न थालेपछि सर्वसाधारणले पनि घरमा सिटामोल किनेर राख्ने गरेका छन्। यसले पनि सिटामोलको अभाव भएको बताइएको छ। मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार मण्डलले बजारमा सिटामोलको अभाव नभएको बताए।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका मेडिकल अधिकृत डा. श्रवणकुमार मण्डलले डेङ्गुका बिरामीलाई उच्च ज्वरो आउने र ज्वरो कम गर्नका लागि सिटामोल खानु पर्ने बताए। धेरै नै ज्वरोका बिरामी बढेकाले सिटामोलका माग बढेर अभाव भएको हुनसक्ने उनको भनाइ छ।

नेपाल औषधि व्यवस्था विभागका निर्देशक भरत भट्टराईले सिटामोल पाइएन भन्ने गुनासो सुनेको बताए। डेङ्गु बढेसँगै एक/दुई दिन अघि मात्र जनताले सिटामोल पाइएन भन्ने सुनेको छु- उनले भने- सिटामोलको अवस्था के हो भन्नका लागि औषधि उत्पादक संघलाई आइतबार बोलाएर छलफल गर्ने छु। उनले सङ्कटको बेला औषधिको मूल्य बढाउनका लागि अभाव सिर्जना गर्न थालिएको हुनसक्ने बताए। उनले महामारीको बेला सिटामोलजस्तौ औषधिको अभाव हुन नदिने स्पष्ट पारे। उनले औषधि उत्पादक संघलाई बोलाएर तत्काल सिटामोल

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापाका केरा किसानलाई युथ एग्री अवार्ड

**झापा, भदौ २४।** झापा गाउँपालिकाका केरा किसान चन्द्रप्रसाद बस्नेत युथ एग्री अवार्ड २०७९ बाट सम्मानित भएका छन्।।

उनी नगद रु. एक लाखसहित प्रदेश नं. १कै उत्कृष्ट कृषकका रूपमा साना किसान लघुवित्त वित्तीय संस्था र नेपालस्थित इजरायली राजदूताबासबाट संयुक्तरूपमा सम्मानित भएका हुन्। इजरायलबाट फर्केर व्यावसायिक कृषि उद्यमी बनेका उनीसगै बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा सातै प्रदेशका उत्कृष्ट किसान सम्मानित भएका थिए। इजरायलबाट फर्किएपछि बस्नेतले वि.सं. २०७६मा एग्री सेन्टर झापा नामको कम्पनी दर्ता गरेर केरा खेतीको शुरुवात गरेका थिए। उनले हाल २५ विगाहा जमिनमा चिनी चम्पा, विलीअम हाइब्रिड, मालभोग, जी नाइन र रातो केराको खेती गर्दै आएको बताए।

पुरस्कार पाइन्छ भनेर काम गरेको थिइनँ- उनले भने- आफू पनि स्थानीय क्षेत्रमै व्यवसायी बन्ने र अरुलाई पनि रोजगार दिने उद्देश्यले केराखेती गरेको पुरस्कृत भएँ, खुशीको सीमा छैन।

# अन्य व्यक्तिको नाममा ट्रायल दिएपछि...

**काठमाडौं, भदौ २४।** भक्तपुर मध्यपुर ठिमी नगरपलिका-५ राधेराधेस्थित ईजी वे ट्रायल सेन्टरमा नक्कली नगारिकता र प्रवेश-पत्र बनाई अन्य व्यक्तिहरुको ट्रायल दिने कार्यमा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सिन्धुली दुधौली नगरपालिका-११ टाँडी ठेगाना भएका काठमाडौं चाबहिल बस्ने २० वर्षीय मनिष श्रेष्ठ, सिन्धुली दुधौली नगरपालिका-४ ठेगाना भएका काठमाडौं तीनकुने बस्ने २० वर्षीय मनिष लामिछाने, कालिकोट महाबई गाउँपालिका-१ ठेगाना भई भक्तपुर कटुञ्जे बस्ने २४ वर्षीय ईन्द्र बहादुर शाही, सिन्धुली दुधौली नगरपालिका-१४ ठेगाना भएका २१ वर्षीय टुल्कु सिं तामाङ र गोरखा भीमसेनस्थान गाउँपालिका-१ ठेगाना भएका २२ वर्षीय राजकुमार श्रीमल रहेका छन्।

प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उनीहरुलाई नक्कली नागरिकताहरु, पासपोर्ट, प्रवेश पत्रहरु, बिभिन्न रसिद, ल्यापटप, नक्कली नागरिकता बनाउन प्रयोग गरिने कागजात र मोबाइल सहित पक्राउ गरेको हो। उनीहरू उपर लिखत सम्बन्धी कसूरमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## फ्ल्याट भाडामा



झापाको सुरुङ्गास्थित महेन्द्र हाइवेसँगै जोडिएको सिद्धार्थ बैंक बसेको कामक्ष भवनको दोस्रो र तेस्रो तला व्यवसायिक प्रयोजनका लागि अति उपयुक्त फ्ल्याटहरु भाडामा छ। भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला।

**सम्पर्क : ९८०१०४३०३६, ९८५१०१३५८८, ९८०८७३०४९७**

## डाक्टर आउने बारेको सूचना

**यहि मिति २०७९ साल भदौ २५ गते शनिबारका दिन आयुर्वेदमा एम.डी. गर्नु भएका डा. सुनिल मण्डलद्वारा स्वास्थ्य जाँच हुने सम्पूर्ण बिरामीबर्गमा जानकारी गराउँदछौं।**

**जाँच हुने समस्याहरुः–** ग्यास्ट्रिक, कब्जियत, दम, खोकी, पिनास, माइग्रेन, सुगर, प्रेसर, थाइराइड, महिला तथा पुरुषका यौन समस्या, बाथ रोग, युरिक एसिड, जण्डिस, मृगौलाको पत्थरी, दाद, एलर्जी आदि।

**समयः बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्म**

**फोनबाट पनि नाम टिपाउन सकिनेछ।**

थप जानकारीको लागि :

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

बिर्तामोड- झापा, राजगढ बस स्टेण्ड दक्षिण

फोन ०२३-५३२३६६/९८०६०००३१३/०२३-५९०१६६

## घर तथा फ्ल्याट भाडामा



बिर्तामोडस्थित भगवान चौकमा रहेको **दुर्गा कम्प्लेक्स**मा बैंक, हस्पिटल, इन्स्योरेन्स कम्पनी, होटल लगायत व्यवसायिक प्रयोजनमा प्रयोग गर्न अति उपयुक्त आठ तले घरको सम्पूर्ण तलाहरु भाडामा छ। भाडामा लिन चाहने महानुभावले तलको सम्पर्क नम्बरमा फोन गर्नुहुन अनुरोध छ।

**सुविधा र विशेषताहरु :**

१) ४० वटा गाडी र १०० वटा मोटरसाइकल पार्किङ गर्न सकिने अन्डरग्राउण्ड पार्किङ सुविधा।
२) बाहिरी भागमा पनि प्रशस्त पार्किङ सुविधा।
३) महेन्द्र हाइवेसँगै जोडिएको घर।
४) लिफ्टको सुविधा भएको।

**सम्पर्क :**
९८५१०१३५८८, ९८०८७३०४९७, ९८०१०४३०३६

के तपाईंको Class 12 मा NG (Non-Graded) आयो ?

असोज ३० र ३१ गते हुने Class 12 को ग्रेड वृद्धि परीक्षाका Tuition Class

इक्जाम्टेड विद्यार्थीका निम्ति छ ओटै विषयका कोचिङ्ग कक्षाहरू संचालित छन्।

Science · Management · Humanities · Education

More Details :Mob. No. : 9804988534, Ph. No.: 023-544975

अत्याधिक विद्यार्थीहरू SLC तथा +2 पास गराउन सफल

**पाइथागोरस एजुकेशन फाउण्डेशन**

अतिथिसदन रोड, बिर्तामोड, झापा

# पर्यटनस्थल बन्यो मसानघाट



**इटहरी, भदौ २४।** सुनसरी जिल्लाको पूर्वी सीमा बूढीखोला नदी डेढ दशक अघिसम्म इटहरीको मसानघाटले परिचित थियो। खोलाको किनारामा दैनिकजसो मृत शरीरको अन्त्येष्टि गरिन्थ्यो। त्यही भएर मसानघाटमा जान पनि सबै डराउँथे।

मसानघाट पश्चिम नजिकै वडा नं. ४मा धार्मिक कार्य गर्नका निम्ति श्रीकृष्ण प्रणामी मन्दिर थियो। बूढी खोला नदी छेउमा जतातत‍ै फोहोर थियो। खोलामा अनधिकृत रूपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन् गरेर वस्ती कटानको उच्च खतरा थियो। त्यही मसानघाट र मन्दिर दुवैको रुप यतिवेला फेरिएको छ। अनि त्यही बूढी खोला किनार अहिले भने जमुना मुक्ति घाटको नामले चिनिएको छ।

बूढी खोलामा रु. १० करोडभन्दा बढी खर्च गरेर दाहसंस्कार गर्ने व्यवस्थित घाट र मन्दिर पुन:निर्माणको काम गरिएको छ। यसको निमार्णसँगै यो ठाउँ धार्मिक पर्यटकीयस्थलको रूपमा परिचित भएको हो। जसले गर्दा सबै उमेर समूहका व्यक्तिहरू बूढीगङ्गा जमुना मुक्ति घाटमा आउने गरेको स्थानीयले बताएका छन्। उनीहरू भन्छन्- पहिला खोलाको छेउमा मनिसहरूलाई जलाउने गरिन्थ्यो, खेलाको किनारमा जलाउँदा बर्खाको समयमा कहिले बाढीले शव बगाउँथ्यो। तर, अहिले यो स्थान पार्कजस्तै भएको छ। यहाँ विभिन्न स्थानबाट घुम्न आउने मानिसको भीड लाग्ने गरेको छ।

व्यवस्थित आर्यघाट भएकैले गर्दा प्रदेश १ का अन्य स्थानभन्दा बूढी गङ्गाजमुना मुक्तिघाटमै दाहसंस्कारका लागि ल्याउने क्रम बढ्दो छ। विशेषगरी, सुनसरी र मोरङका थुप्रै स्थानका मानिसको मृत्युपछि दाहसंस्कार गर्न बूढी गङ्गाजमुना मुक्ति घाटमा ल्याउने गरेको मुक्ति धाम विकास समितिले जनाएको छ।

बूढीगङ्गा जमुना मुक्तिघाटमा किरियापुत्री भवनको पनि व्यवस्था गरिएको छ भने यहाँ गरीब तथा विपन्न परिवारलाई किरियापुत्री भवनमा बस्ने व्यवस्था मिलाउने गरिएको छ।

# ‘मुख होइन, रुख हेरौं’



**विर्तामोड, भदौ २४।** झापाको विर्तामोडमा आयोजित एक कार्यक्रमका बक्ताहरुले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उम्मेदवारको मुख नहेरी रुख चिन्ह हेरेर मत दिन आम जनतालाई आव्हान गरेका छन्।

नेपाली कांग्रेस विर्तामोड नगर समितिको आयोजनामा सम्पन्न १०९औं वीपी जयन्ती एवम् सम्मान कार्यक्रमलाई सम्बोधन गर्ने अधिकांश बक्ताहरुले कसले टिकट पाउँछ भन्ने मूल विषय नभएको बताउँदै वीपीले प्रतिपादन गरेको नेपाली भूगोल अनुरुपको प्रजातान्त्रिक समाजवादको सपना पूरा गर्न मुख होइन, रुख हेर्नुपर्ने बताएका हुन्।

कार्यक्रमका प्रमुख अतिथि एवम् केन्द्रीय सदस्य सरिता प्रसाईले यसअघिको निर्वाचनमा दुईतिहाइ प्राप्त गरेको एमालेले मुलुकको नेतृत्व गर्न नसकेकै कारण कांग्रेस नेतृत्वमा सरकार बनेको बताउँदै ‘संसद भंग गर्ने अधिकार कसले दियो ?’ भनेर एमालेलाई प्रश्न गर्न आम जनतालाई आग्रह गरिन्। मुलुकको परिवर्तनका लागि भएका आन्दोलन एवम् व्यवस्था परिवर्तनको नेतृत्व कांग्रेसले गरिरहेको स्मरण गर्दै नेता प्रसाईले दशौंथरी विचार बोकेकाहरुलाई एकैठाउँमा राखेर संविधान जारी गर्ने ऐतिहासिक जिम्मेवारी कांग्रेस नेतृत्वमै भएको बताइन्।

नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँई, क्षेत्रीय सभापति खगेन्द्र मैनाली, महाधिवेशन प्रतिनिधिहरु जलकुमार गुरुङ, छत्र गिरी, दुर्योधन गुरुङ लगायतले मन्तव्य राखेको कार्यक्रममा अधिकांश बक्ताहरुले कांग्रेसभित्रको अन्तरविरोध र अन्तरद्वन्द्वलाई आन्तरिक छलफलबाट टुंग्याएर आगामी निर्वाचनमा कांग्रेसको पक्षमा मतपरिणाम प्राप्त हुने गरी एकजुट भएर चुनावी अभियानमा लाग्नुपर्नेमा जोड दिए।

कार्यक्रममा स्थानीय तह निर्वाचनमा नगरभित्र जित हासिल गरेका जनप्रतिनिधिहरु विर्तामोड-१०का वडाध्यक्ष दुर्योधन गुरुङ, ६ का वडाध्यक्ष सूर्य कन्दङ्वा, ५का वडाध्यक्ष रोहित प्रसाईसहित वडा सदस्यहरुलाई सम्मान गरिएको थियो।

बिर्तामोड नगर सभापति भोजराज सिटौलाको सभापतित्व र उपसभापति सूर्य कन्दङ्वाले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव दिवाकर प्रसाइले गरेका थिए।

# महारानी एलिजाबेथको ९६ वर्षको उमेरमा निधन



**झापा, भदौ २४।** बेलायती साम्राज्यको पतन र आफ्नै परिवारमा अव्यवस्था देखाउने अशान्त युगमा बेलायतको सबैभन्दा लामो समय शासन गर्ने राजा र स्थिरताको प्रतीक महारानी एलिजाबेथ द्वितीयको सिंहासनमा बसेको ७० वर्षपछि बिहीबार निधन भएको छ। उनी ९६ वर्षकी थिइन्।

वकिंघम दरबारका अनुसार स्कटल्याण्डको ग्रीष्मकालीन निवास बालमोरल दरबारमा उनको मृत्यु भएको हो। महारानीको स्वास्थ्य बिग्रिएपछि शाही परिवारका सदस्यहरू विहीबार उनको समीप पुगेका थिए। उनका ७३ वर्षीय छोरा युवराज चार्ल्स स्वत: राजा भएका छन्। उनलाई राजा चार्ल्स तृतीय घोषणा गरिएको छ। दश दिनको औपचारिक शोकपछि महारानीको अन्त्येष्टि गरिनेछ।

बेलायतकी महारानी एलिजावेथ द्वितीयको निधनप्रति विश्वभरका नेताहरुले दु:ख व्यक्त गरेका छन्। विश्व राजनीतिमा ठूलो प्रभाव राखेको बेलायती राजपरिवारमा परेको शोकप्रति विश्वभरका धेरै देशका नेताहरुले सहानुभूति व्यक्त गरेका हुन्।

बेलायतको इतिहासमै सबैभन्दा लामो समय राजगद्दीको नेतृत्व गरेकाले पनि उनको निधनप्रति विश्वको ध्यान खिचिएको हो। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले उहाँको निधनको खवर सुनेर आफू स्तब्ध भएको उल्लेख गरेका छन्। विश्वव्यापी नेतृत्व गर्नुभएकी र सबैलाई प्रेरणाको श्रोत बन्दै आउनु भएकी महारानीको निधनले मलाई दु:खी बनाएको छ, बेलायती राजपरिवार र बेलायती जनताप्रति हार्दिक सहानुभूति व्यक्त गर्दछु- उनले जारी गरेको शोक वक्तव्यमा उल्लेख छ।

यता भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले महारानीलाई प्रेरणादायी नेतृत्वको रुपमा स्मरण गरेका छन्। सन् २०१५ र सन् २०१८ मा आफूले बेलायत भ्रमणका क्रममा महारानी एलिजावेथ द्वितीयलाई भेटेको स्मरण गर्दै उनले लेखका छन्- त्यो आत्मियता, स्नेह र अभिभावकत्व म कहिले भुल्न सक्दिन।

# दिव्यविक्रम नेम्बाङ स्मृति पुरस्कार सुब्बालाई



**झापा, भदौ २४।** दिव्यविक्रम नेम्बाङको स्मृतिमा स्थापित ‘दिव्यविक्रम नेम्बाङ स्मृति पुरस्कार २०७९’ साहित्यकार एवम् सिनेकर्मी उपेन्द्र सुब्बालाई प्रदान गरिएको छ।

दिव्यविक्रम नेम्बाङ स्मृति प्रतिष्ठानद्वारा बिर्तामोडमा शुक्रबार आयोजित कार्यक्रममा सुब्बालाई तीस हजार राशिको उक्त पुरस्कार प्रदान गरिएको हो। १९९७ सालमा पाँचथरको पौवा सारतापमा जन्मिएका नेम्बाङ बैरागी काइँला, ईश्वर बल्लभ, इन्द्रबहादुर राईद्वारा सम्पादित ‘फूलपात पतकर’का प्रकाशक थिए। नेपालको प्रजातान्त्रिक आन्दोलनमा योगदान पुऱ्याएका नेम्बाङ अध्ययन र निर्वासनका क्रममा दार्जीलिङ बसेका थिए।

सम्मानित हुने सुब्बाले उक्त पुरस्कार पाएर आफू अझ जिम्मेवार भएर कला कर्ममा लाग्ने बताउँदै भने- ‘अरुले पत्याउने तर आफ्नाले नपत्याउने विगतका अनुभव विपरीत आफ्नै गाउँ ठाउँले पत्याएर पुरस्कार दिँदा म उत्साहित छु।’

कवि प्रकाश थाम्सुहाङले स्वागत गरेको कार्यक्रममा दिव्यविक्रम नेम्बाङको व्यक्तित्वमाथि कवि सुन्दर कुरुपले चर्चा गरेका थिए। सम्मानित स्रष्टा सुब्बामाथि कवि हाङ्युग अज्ञातले प्रकाश पारेका थिए। साहित्यकार कृष्ण बरालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अध्यक्ष नन्दहाङ नेम्बाङले आगामी दिनमा पनि सम्मान कार्यक्रमलाई निरन्तरता दिने बताए।

कार्यक्रममा कविहरु भीष्म उप्रेती, सुनिता तामाङ, विवश बलिभद्र कोइराला, अभागी थेगुवा, याम थुलुङ, लीला अनमोल, राजकुमार अनिश्चित, सेलिङ केसी, मायामितु लगायतले रचना वाचन गरेका थिए।

# ‘सिप सिकेर व्यावसायिक बन्नुहोस्’

**शिवगञ्ज, भदौ २४।** झापाको शिवसताक्षीमा सिलाइ कटाइ तालिम शुरु भएको छ।

व्यावसायिक तथा सिप विकास तालिम केन्द्र भद्रपुरको आर्थिक सहयोग र गोपाल गौरी दिगो बिकास प्रतिष्ठानको प्राविधिकसहितको आयोजनामा तालिम शुरु भएको हो। तालिममा शिवसताक्षी नगरपालिका वडा नम्बर ६का १५ जना लक्षित समुदायका महिला सहभागी रहेका छन्।

यो तालिम ३ सय ९० घण्टासम्म सञ्चालन हुने आयोजक गोपाल गौरी दिगो बिकास प्रतिष्ठानकी केन्द्रिय अध्यक्ष इन्दिरा गौतमले जानकारी दिइन्।

तालिमको शिवसताक्षी नगरपालिकाका प्रमुख मेघाहाङ थोप्राले दीप प्रज्ज्वलन गरेर उद्घाटन गरेका थिए। तालिम उद्घाटन गर्दै नगर प्रमुख थोप्राले भने- ‘तपाइँहरु सिप सिक्नुहोस्, उद्यमी बनाउन नगरपालिका तयार छ। ‘सिप सिकेर जीविकोपार्जनका लागि आर्थिक समस्या भयो भने समूहगत रुपमा नगरमा आउनुहोस्। तपाईहरुलाई उचित व्यवस्थापन नगरपालिकाले गर्ने छ’- नगर प्रमुख थोप्राले भने।

गोपाल गौरी दिगो विकास प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष इन्दिरा गौतमले तालिम अवधिभर सहभागीलाई प्रत्यक्ष सहभागी हुन अनुरोध गरेकी छन्।

कार्यक्रममा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्की, वडाध्यक्ष मनोज खुलाल कार्की, व्यावसायिक तथा सिप बिकास तालिम केन्द्र झापाकी प्रमुख कृष्णा श्रेष्ठ निरौला, सहारा नेपाल शिवगञ्ज सेवा केन्द्रका संयोजक बिमल बस्नेत, पत्रकार बिनोद सापकोटा लगायतले तालिमको सफलताको शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रम गोपाल गौरी दिगो विकास प्रतिष्ठान झापाका अध्यक्ष भद्रदुमी राईले सञ्चालन गरेकी थिइन् भने स्वागत निर्मला प्रधानले गरेको नगर सदस्य समेत रहेकी आयोजक संस्थाकी सदस्य गोमा रिजालले जानकारी दिइन्।

# प्याब्सनको विविध कार्यक्रम



**बिर्तामोड, भदौ २४।** निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन) झापाले आफ्ना विभिन्न कार्यक्रमलाई निरन्तरता दिएको छ।

कोरोना संक्रमणका कारण दुई वर्षदेखि गतिविधिविहीन अवस्थामा रहेको प्याब्सनले जिल्लाभर कार्यक्रम शुरु गरेको प्याब्सन बिर्तामोडका अध्यक्ष उत्तम खनालले जानकारी दिए। प्याब्सन बिर्तामोडको आयोजनामा भएको कार्यक्रममा २४ वटा विद्यालयले सहभागिता जनाएका छन्। बिर्तामोडस्थित न्यूटन्स एजुकेशन एकेडेमी र गोमेन्द्र बिर्तामोडल स्कूलमा विभिन्न शैक्षिक कार्यक्रम सम्पन्न भएका हुन्।

जस अन्तर्गत कक्षा-१ देखि ५ तर्फको हाजिरी जवाफ प्रतियोगितामा बाल्मीकि एजुकेशन फाउण्डेशन प्रथम भएको छ भने चिल्ड्रेन इन्भारोमेन्ट स्कूल, निदि माध्यमिक विद्यालय, न्यूटन्स एजुकेशन एकेडेमी क्रमश: दोस्रो र तेस्रो भएका छन्।

त्यस्तै कक्षा ६-८ तर्फको हाजिरी जवाफतर्फ नवोदय फनमिन शिक्षा सदन र बुद्ध स्मृति एजुकेशन फाउण्डेशन प्रथम, निदि माध्यमिक विद्यालय, चिल्ड्रेन इन्भारोमेन्ट, एसेन्ट एकाडेमी दोस्रो र लिटल फ्लावर्स र कञ्चन इङ्लिस स्कूल तेस्रो भएका छन्।

कक्षा ६-८ तर्फको श्रुतिलेखनमा बाल्मीकि एजुकेशन फाउण्डेशन र न्यूटन्स एजुकेशन एकाडेमी प्रथम भएका छन्। त्यस्तै एभरेष्ट स्मार्ट स्कूल, लिटल फ्लावर्स दोस्रो, गोमेन्द्र बिर्तामोडल र नवोदय फनमिन शिक्षा सदन तेस्रो भएका छन्।

वक्तृत्व कलामा कक्षा ९ र १०का छात्रातर्फको प्रतियोगितामा वेल्स मोडेल इङ्लिस स्कूल प्रथम भएको छ। त्यस्तै लिटल फ्लावर्स स्कूल र गोमेन्द्र बिर्तामोडेल स्कूल दोस्रो भएका छन् भने न्यूटन्स एजुकेशन एकेडेमी र बाल्मीकि एजुकेशन फाउण्डेशन तेस्रो भएको बिर्तामोड नगर प्याब्सनले जनाएको छ। वक्तृत्व कला कक्षा ९ र १० का छात्रतर्फ कञ्चनजङ्घा इङ्लिस स्कूल प्रथम भएको छ। त्यस्तै कञ्चन इङलिस स्कूल दोस्रो, वेल्स मोडेल इङ्लिस स्कूल र निदि माध्यमिक विद्यालय तेस्रो भएका छन्।

त्यस्तै कविता लेखन र बाचन कक्षा ९ र १० का छात्रतर्फ न्यूटन्स एजुकेशन एकेडेमी प्रथम भएको छ। त्यस्तै कञ्चन इङ्लिस बोर्डिङ स्कूल दोस्रो, ग्लोरी इङ्लिस स्कूल र एमिटी इङ्लिस स्कूल तेस्रो भएका छन्। त्यस्तै छात्रातर्फ बिराट ज्योति इङ्लिस स्कूल प्रथम भएको छ। वेल्स मोडेल इङ्लिस स्कूल र गोमेन्द्र बिर्तामोडल दोस्रो भएका छन् भने नवोदय फनमिन शिक्षा सदन तेस्रो भएको छ।

नगर स्तरीय प्रतियोगितामा प्रथम भएका विद्यालयहरुले आगामी भदौ २९ गते हुने जिल्ला स्तरीय प्रतियोगितामा सहभागी बन्ने अध्यक्ष खनालले जानकारी दिए।

उता प्याब्सन कमलको आयोजनामा अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिता शुरु भएको छ। कमल-५स्थित स्टार वोर्डिङ्ग स्कूलको मैदानमा प्याब्सन कमलका अध्यक्ष बदिराम राईको अध्यक्षतामा आयोजित कार्यक्रमको उद्घाटन गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपानेले गरेकी थिइन्।

प्रतियोगितामा प्राथमिक तहतर्फ हाजिरी जवाफ र चित्रकला, निम्न माध्यमिकतर्फ हाजिरी जवाफ, श्रुतिलेखन, निबन्ध र चित्रकला तथा माध्यमिकतर्फ निवन्ध, वक्तृत्वकला, कविता वाचन प्रतियोगिता सम्पन्न भएको थियो। प्याब्सनले गर्दै आएका आफ्ना नियमित गतिविधिलाई अव निरन्तर सञ्चालन गर्ने प्याब्सन झापाका सल्लाहकार रामहरि घिमिरेले बताए।

सचिव दीपक संग्रौलाले सञ्चालन गरेको कार्यक्रममा संयोजक विजयसेन थापाले स्वागत गरेका थिए। कार्यक्रममा श्रुतिलेखनतर्फ प्रथम निश्चल बराल (लालिमा), द्वितीय दिप्शन संग्रौला (साउथपोल), विनम्र सुवेदी (निहारिका), युनिश डाँगी (सरस्वती) र एलिमन लिम्बू (फोनिक्स) तृतीय भएका थिए।

अंग्रेजी कविता छात्रातर्फ प्रथम निक चेम्जोङ्ग (पाथीभरा), द्वितीयय मोनिका पौडेल (स्टार)र तृतीय शोभा राई(लालिमा), छात्रतर्फ प्रथम रुपेश नेपाल (फोनिक्स) द्वितीय सुनिल कट्टेल र तृतीय यज्ञप्रकाश शाह (स्टार) भएका थिए।

# ‘झिंगेदाउ’ बन्यो ‘कबड्डी ४’ पछि धेरै कमाउने नेपाली फिल्म

ज्ञानेन्द्र देउजा निर्देशित फिल्म ‘झिंगेदाउ’ले एक सातामै नेपाली बक्स अफिसमा उत्साहजनक कमाइ गरेको छ। चलचित्र विकास बोर्डको बक्स अफिसमा बिहीबार बेलुकासम्म ‘झिंगेदाउ’को कमाइ १ करोड ३० लाख रुपैयाँ ग्रस उल्लेख छ।

बक्स अफिस सर्भर जडान नभएका केही हलको कमाइलाई समेत जोड्दा केकी अधिकारी र आँचल शर्मा स्टारर फिल्मको पहिलो साताको कमाइ झण्डै १ करोड ४० लाख रुपैयाँ ग्रस हुन आउँछ।

‘झिंगेदाउ’को यो कमाइ यस वर्ष ‘कबड्डी ४’ पछिकै उच्च हो। बलियो वर्ड अफ माउथको कारण यो फिल्मले दोस्रो साता पनि राम्रै कमाइ गर्ने अपेक्षा



छ। सिंगल र मल्टिप्लेक्स हलका दुवैथरी दर्शकलाई ‘झिंगेदाउ’ले आकर्षित गरिरहेको छ।

यसैबीच, तेस्रो साताामा प्रदर्शन भइरहेको दिनेश राउत निर्देशित फिल्म ‘प्रकाश’को बिहीबारसम्मको कमाइ १ करोड १८ लाख रुपैयाँ ग्रस उल्लेख छ। ‘सम्हालिन्छ कहिले मन’ले भने आफूलाई बक्स अफिस दौडमा अपेक्षित रुपमा अघि बढाउन सकेन।

## कम्प्युटर ...

गरी निर्माण गरिएको वेब पोर्टल र डाटाहरुलाई होस्टिङ सर्भिस प्रोभाइडर जेनिस सोलुसन प्रालिले अनधिकृत रूपमा होस्टिङ एकाउण्टमा प्रवेश गरी बिना सूचना डाटाहरु नष्ट गरी क्षति पुऱ्याउने कार्यमा संलग्न प्रशन्नलाई प्रहरीले पक्राउ गरेको हो।

उनी उपर जिल्ला अदालत काठमाडौंबाट तीन दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको छ।

## बजारमा ...

उत्पादन गर्न निर्देशन दिने बताए।

**५० लाख सिटामोल उत्पादन गर्दै**

नेपाल औषधि लिमिटेडका सूचना अधिकारी टीकाराम अर्यालले डेङ्गुको सङ्क्रमण बढ्न थालेपछि सिटामोल औषधि बनाउनका लागि कच्चा पदार्थ आयात गर्न थालेको बताएका छन्। उनका अनुसार हप्ता दिनभित्रमा कच्चा पदार्थ आउने र त्यसपछि सिटामोल औषधि उत्पादन गर्ने जानकारी दिए। उनका अनुसार करिब ५० लाख ट्याबलेट सिटामोल उत्पादन गर्नका लागि कच्चा पदार्थ ल्याउन थालिएको छ।

अहिले पनि औषधि लिमिटेडसँग करिब १५ लाख ट्याबलेट मौज्दात रहेको उनको भनाइ छ। सङ्घका उपाध्यक्ष सन्तोष बराललले बजारमा सुनेको जस्तो सिटामोलको अभाव नभएको बताए। मैले पनि बजारमा अभाव छ भन्ने सुनेको छु तर त्यस्तो सारै अभाव छैन। हामीले उत्पादन गर्दै आइरहेका छौँ- उनले भने।

उनका अनुसार नेपालमा बार्षिक १० करोड ट्याब्लेट सिटामोलको माग रहेको छ। संघले भने वार्षिक पाँचदेखि साढे पाँच करोड ट्याब्लेट उत्पादन गरिरहेको छ।


**कोभिड-१९को जोखिम कम गर्ने उपायहरू**

- सही तरिकाले मास्क लगाऔं।
- कम्तीमा २ मिटरको दुरी कायम गरौं।
- साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- हावा ओहोरदोहोर हुने स्थानमा बसौं।
- अरुको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं।
- कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं।

**संक्रमण हुनबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।**

**नेपाल सरकार विज्ञापन बोर्ड**



**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी झापा**
**१ नं. प्रदेश**

**बैंक तथा वित्तीय संस्थाहरूको लागि बिना धितो सहुलियत ब्याजदरको ऋण प्रबाह गर्ने सम्बन्धि सूचना**

**सूचना प्रकाशित मिति: २०७९/०५/२३**

यस कनकाई नगरपालिकाले नगरबासीका निमित्त बिना धितो सहुलियत ब्याज अनुदानको ऋण लगानी गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरुले बिना धितो ब्याज अनुदानको कार्य क्षेत्रभित्र पर्ने ऋण लगानी गर्न चाहेमा इच्छुक बैंक तथा वित्तीय संस्थाहरु र ऋणीका बीचमा आवश्यक समन्वय तथा सहजीकरण गरिदिने हुँदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्रमा यस नगरमा आशयको पत्र पेश गर्नु हुन जानकारी गराइन्छ। **साथै आवश्यक योग्यता पुगेका बैंक तथा वित्तीय संस्थाहरुसंग आवश्यक प्रक्रिया पूरा गरी सम्झौतामार्फत कार्यक्रम सञ्चालन गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ।**

**पेश गर्नुपर्ने कागजातहरू**

१. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
३. ऋण लगानी गर्दा अपनाउनुपर्ने बिधि, जिम्मेवारी (नगरपालिकाको जिम्मेवारी, बैंक तथा वित्तीय संस्थाको जिम्मेवारी तथा बैंकले अन्य सहजीकरण गर्ने निकाय थप गर्न चाहेमा सम्बन्धित निकायको जिम्मेवारी) खुलेको विवरण पत्र।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# हङकङ कम्प्युटेसनलमा विश्वव्यापी नेता बन्दै अनि नेपाल चाहिँ ?





भुवन तामाङ

कम्प्युटेसनल भन्नाले कम्प्युटर प्रयोग अर्थात् कम्प्युटरमा प्रयुक्त विभिन्न स्तरका प्रोग्रामिङ ल्याङ्वेज जसलाई कोडिङ पनि भनिन्छ, जसका माध्यमबाट धेरै आयाममा आइपर्ने काम, डाटा स्टोरेज, विश्लेषण, नतिजा प्रकाशन, प्रश्न, उत्तर, विशाल तथा जटिल समस्या क्षणभरमै हल गर्नका लागि प्रयोग हुने कम्प्युटर प्रोग्रामिङ्ग प्रकार्य हो। यी प्रोग्रामहरु धेरै प्रकार र अझ धेरै-धेरै कामका लागि हुने छन्। कसरी, कुन हदसम्म, किन, कसका र केका लागि, कहाँ, कुन र कहिले ? भन्ने यी सवालहरुलाई सोच भन्न भनिन्छ र यी सब गर्न सक्ने कला प्रदान गर्नु र सीप हासिल गर्नुलाई शिक्षा भनिन्छ।

सोच, सीप र शिक्षा त्यसै आउने होइनन्। यसका लागि तत् देशका सरकारले त काम गर्नु नै पर्दछ र निजी क्षेत्र, संस्थान र शैक्षिक प्रतिष्ठानहरु पनि उत्तिकै रुपमा सक्रिय हुनुपर्दछ। अबको अधिक प्रतिस्पर्धी परिवेशमा, देशका लागि यावत काम गर्ने नयाँ, युग सुहाउँदो अत्याधुनिक प्रविधि अपनाउनुपर्ने नभई नहुने आवश्यकतामध्ये कम्प्युटेशनल सोच शिक्षा हङकङमा अगाडि सारिएको छ।

अहिलेको डिजिटल तथा ए. आई. अर्थात् आर्टिफिसियल इन्टेलिजेन्ट्सूको जमानामा परम्परागत रुपमा या अहिले भइरहेको सीप निकै नै अपर्याप्त हुन सक्ने र प्रतिष्पर्धाको दौडमा पछि परिने सम्भावना त्यतिकै छ। हो यस्तै सम्भावनाहरुलाई दृष्टिगत गर्दै हङकङले विद्यालय तहकै विद्यार्थीहरुलाई कम्प्युटेसनल सोच शिक्षा प्रदान गर्दैछ। जसले भविष्यमा हङकङलाई अरु सँगसँगै मात्र होइन अरुभन्दा अगाडि भएर दौडन कुशल जनशक्ति तयार गर्ने छ। अध्ययनहरुका अनुसार, यस मार्गमा सिंगापुर, बेलायत र मुख्य भूमि चीनसँग हङकङ बराबर रहेको पत्ता लागेको छ। तर, हङकङ सबैभन्दा अगाडि हुन चाहन्छ।

कम्प्युटेसनल सोच कौशलले समस्या समाधान गर्ने क्षमताहरू मात्र बढाउँदैन, २१औं शताब्दि र आगामी शताब्दिका लागि आवश्यक सीप प्रदान गर्नेछ। विगत एक दशकमा कम्प्युटेशनल सोच शिक्षामा प्राथमिकताका साथ, अन्तर्राष्ट्रिय समुदायले यस विषयमा ठूलो मात्रामा शैक्षिक स्रोतहरू छुट्याइरहेका छन्। यही चुनौतिलाई हङकङले मनन गर्दै काम शुरु गरेको छ। बेलायतमा चाहिँ कम्प्युटेशनल सोचलाई २०१४ मा नै प्राथमिक विद्यालय पाठ्यक्रममा अनिवार्यरुपमा समावेश गरिएको थियो। सोही वर्ष सिंगापुरले डिजिटल रूपान्तरणलाई ड्राइभ गर्न स्मार्ट राष्ट्र पहल शुरु गरेको थियो।

हङकङको शिक्षा ब्यूरोले कम्प्युटेशनल सोच शिक्षाको कार्यान्वयनलाई प्रोत्साहन गर्छ। २०२०मा यसले कम्प्युटेशनल थिंकिङ - कोडिङ एजुकेशन : सप्लिमेन्ट टु द प्राइमरी करिक्युलम शीर्षकको आफ्नो पूरक अपडेट गरेको छ। जसले माथिल्लो प्राथमिक विद्यालयहरूमा यस विषयलाई १० देखि १४ घण्टाको शिक्षण समय छुट्याउन सिफारिस गरेको छ।

कार्यक्रमको विशिष्ट विशेषताका रुपमा, कार्यक्रम एक पूर्ण, स्पष्ट र पाठ्यक्रम अनुक्रम अनुसारका सामग्रीहरूको सेटहरु बनाइएका छन्। यसले पद्धतिबद्ध व्यावसायिक शिक्षाको साथ सबै विद्यार्थीहरूलाई सिपालु हुन सुनिश्चित गर्न मद्दत गर्दछ। जसले उच्च गुणस्तरको कम्प्युटेशनल सोच निर्देशन अनुभव गराउँदछ। हङकङको कम्प्युटेशनल सोच शिक्षालाई विश्वव्यापी नेताहरूमाझ परिचित गरिएको छ। यसरी हङकङलाई अरुभन्दा फरक पारिएको छ। शिक्षकहरूको व्याबसायिक शिक्षा र समर्थनमा पनि फरक पन ल्याइएको छ। कार्यक्रमको डिजाइन, पाठ्यक्रम र शैक्षिक दृष्टिकोणको उच्च मापदण्डले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ।

तर, कार्यक्रम स्पष्ट हुँदाहुँदै पनि कम्प्युटेशनल सोच शिक्षामा विश्वव्यापी नेताको रूपमा हङकङको स्थितिलाई बलियो बनाउन केही कदमहरू चाल्न आवश्यक छ। विश्वका अन्यत्र पाइने अनुभवको लाभ उठाउन शिक्षक सञ्जाल र शिक्षक व्यावसायिक संघहरूलाई थप विस्तार गर्न आवश्यक छ। हङकङ विश्वविद्यालयका इमेरिट्स प्रोफेसर काई-मिङ चेङ भन्छन्- यी सबै प्रयासहरूका लागि सरकारी निकायहरू, विद्यालयहरू, निजी क्षेत्रका कम्पनीहरू, शिक्षक संघहरू र अन्य गैर-सरकारी अभियन्ताहरूको क्रस-सेक्टर गठबन्धनहरू बीच थप सहकार्य आवश्यक छ। यी सामाजिक संस्थाहरू यी विभिन्न परियोजनाहरूमा भाग लिन र समाजमा सकारात्मक प्रभाव पार्न अत्यन्त उत्सुक छन्। शिक्षाको नयाँ रूप, जसले विद्यार्थीहरूलाई परम्परागत कक्षाकोठा बाहिर निस्केर सिक्ने अवसरहरू प्रदान गर्दछ।

बाँकी विश्वसँग हङकङ कसरी मेल खान्छ ? भन्ने विचार हङकङले पहिल्यै पत्ता लगाइसकेको छ। हङकङमा विद्यार्थीहरुलाई डिजिटल रचनात्मकतालाई प्रेरित गर्न र सानै उमेरदेखि सामाजिक भलाइका लागि प्रविधिहरूको सक्रिय प्रयोगलाई पोषण दिने कार्यक्रम रहेको छ। हङकङमा एक सय ३१ प्राथमिक विद्यालयका साथै उच्च प्राथमिक विद्यालयका लगभग एक लाख विद्यार्थीहरूलाई कम्प्युटेशनल सोच शिक्षा द्रूत र प्रभावकारीरुपमा दिइँदै छ। हङकङ शहरभर माथिल्लो प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई गुणस्तरीय कम्प्युटेशनल सोच शिक्षा प्रदान गर्ने लक्ष्य राखिएको छ। जसले निकट भविष्यमै हङकङ यस विषयमा विश्व लिडर बन्ने छ।

हङकङमा कम्प्युटेसनल सोच शिक्षाका लागि सरकार, सरकारका अंगहरु बाहेक निजी क्षेत्र, संस्थानहरु, गैरसरकारी संस्थाहरु पनि योगदान गर्न तम्सिएका छन्। कुलथिंक एट जेसी हङकङ जोकी क्लव च्यारिटी ट्रस्ट, हङकङ विश्वविद्यालय, म्यासाचुसेट्स इन्स्टीच्युट अफ टेक्नोलोजी र सिटी युनिभर्सिटी अफ हङकङ जस्ता निकाय, संस्थाहरु उत्साहपूर्वक योगदान गर्दै छन्। जसले हङकङका विद्यार्थीहरूलाई नयाँ डिजिटल युगको लागि तयारी गर्न मद्दत गर्ने पाठहरू प्रदान गर्ने छन्। बृहत् समुदायमा कम्प्युटेशनल सोच शिक्षाको प्रोफाइल बढाउन, कुलथिंक एट जेसीको सह-निर्माताहरूमध्ये एक, सिटी युनिभर्सिटी अफ हङकङले अभिभावकहरूलाई कम्प्युटेशनल सोचको अवधारणा र महत्वबारे शिक्षित गराउने उद्देश्यले नियमित कार्यशालाहरू सञ्चालन गरिरहेको छ।

नेपालमा, आजभोलि कतिपय विद्यालयमा प्राविधिक धार कार्यक्रम अनुसार कम्प्युटर शिक्षा दिइँदैछ। यस्तो अभियानलाई राम्रो मान्न सकिन्छ, तर आजको दुनियाँका लागि चाहिने सीप कतिको दिइँदैछ ? सोचनीय छ। वास्तविकता चाहिँ के हो भने नेपालमा विद्यालय तहमा नानीहरुलाई पेन्टब्रसमा चित्र बनाउन सिकाएर कम्प्युटर शिक्षा दिइएको भ्रम बाँडिरहेको छ। कम्प्युटर प्रोग्रामिङ्ग तर्फ भने चाहिँ प्लस टु तहबाटै पढाइन्छ। तर, उही परम्परागत र कमजोर करिक्युलम, अव्यवहारिक प्राजेक्ट, उस्तै कमजोर शिक्षक, लेक्चरर र जर्जर ल्यावका कारण विद्यार्थीहरुमा सीप सिकाइ कमजोर हुने गरेका छन्। कमजोर सीप सिकाईका कारण जनशक्तिहरु देशभित्रै पनि खपत हुन सकिरहेका छैनन्। एप्सहरुको मागको बाढी आइरहेका बेला पनि नेपालका विद्यार्थीभन्दा भारत, बंगलादेशमा पढेर आएका विद्यार्थीहरु पहिलो प्राथमिकतामा पर्ने गरेका छन्। अनि कसरी नेपाल कम्प्युटेशनल सोच शिक्षा अगाडि बढ्न सक्छ ? यसमा कहिले सुधार होलान् र नेपाल पनि विश्व लिडर बन्ने दौडमा सामेल होला ? प्रश्न यही छ। (एजेन्सीको सहयोगमा)

लघुकथा

## जहाज चढ्ने रहर



पीआर आकाश

'दाइ तपाईं यहाँ ? अनि अघि भर्खर मात्रै फेसबुकाँ एयरपोटको फोटो हाल्नुभा थ्यो त। प्लेनको फोटो बसको यात्रा हा हा गजब छ है !' उसले मतिर फर्केर खित्का छाडेर हाँस्यो।

डाक्टर सापले मलाई एक महिनापछि फलो अपमा बोलाउनु भएको थियो। महिना दिन नपुग्दै रोग निको हुनुको साटो झन् बल्झिँदै जान थाल्यो। डाक्टरले तत्कालै एक दुई दिनभित्रमै अस्पताल आउन भन्नुभयो। उहाँ अबको दुई दिनपछि विदेश जानुपर्ने सेड्युल रहेछ।

साथमा बुढी जाने भई। म रोगीलाई सम्हाल्न गएकी बुढी आफैं गाडी लागेर लखतरान हुन्थी। बुढी सँधै भन्ने गर्थी, 'बुढा मेरो सानैदेखिको रहर छ जहाज चढ्नी। लौ न पूरा गरिदेऊ न।' एक मनले सोचेँ बुढीको रहरलाई मैले पूरा नगरिदिए कसले पूरा गरिदिने ? अहिले पूरा नगरिदिए कहिले पूरा गरिदिने ? जे पर्छ पर्छ ऋण लागे लागे लागोस्। अहिले काठमाडौं जाँदा जहाजमै जाने हो। मन दह्रो पारी फुकाएँ। त्यही दिन भाइलाई भोलिको लागि पोखरा टु काठमाडौंको दुईवटा जहाजको टिकट लिइदिन भनें।

'बुढा भोलि त पहिलोपटक प्लिन चढ्नी हो नि। फुटो खिचेर फेसबुकाँ हाल्न पर्च है। मोबाइलमा चार्ज छ कि छैन। फूल चार्ज गर नि फेरि उहाँ पुग्दा नपुग्दै चार्ज नैं सकिएला।' बुढी राति अबेरसम्म यस्तै गन्थनमन्थन गर्दै बसिराखेकी थिइ।

भोलिपल्ट बिहानै हामी काठमाडौंको लागि प्रस्थान गर्नुपर्ने थियो। तीन दिनदेखि लगातार पानी परिराखेको थियो। दिउँसो १ बजेको फ्लाइट थियो। हामी यति हतारमा थियौँ कि गाउँबाट करिब १ घण्टाको बाटो जिपमा र ढाइ घण्टाको बाटो बसमा यात्रा गरिसकेर पनि लगभग १० बजे एयरपोर्टमा पुगिसकेका थियौँ। प्लेनको यात्राको पहिलो अनुभव के होला कस्तो होला ? मनमा खुलदुली हुनु स्वाभाविक नै थियो। फ्लाइटको समयभन्दा करिब एक घण्टा अघि नै हामी एयरपोर्टभित्र छिर्यौं। मलाई नौलो संसारमा आएजस्तो लाग्यो। सबै ठाँट बाँट र रवाफका साथ एयरपोटको भित्र र बाहिर गरिराखेका थिए। गाउँबाट झरेका हामी। हाम्रो पहिरन र हाउभाउलाई देखेर होला मान्छेहरु खिसीको नजरले फर्किफर्की हेर्थे।

हामी एयर पोर्टमा छिर्ने बित्तिकै फोटो खिच्न थाल्यौँ। मोबाइलको मेमोरी फूल नहुदाँसम्म फोटो खिचियो। खिचेका फोटा जति सबै फेसबुकमा अपलोड गरेँ। अनि क्याप्सनमा लेखेँ 'ट्राभलिङ टु केटिएम'। मन ढुकढुक हुन थाल्यो किनकि जहाजमा पाइला राख्ने बेला भएको थियो।

खराब मौसमका कारण जहाज उड्न केही समय लाग्ने भनी सूचना आयो। मौसम सुधार हुने कुनै संकेत देखिएन। फ्लाइट कुरी बस्दा बेलुकाको ६ बजिसकेको थियो। तर, फ्लाइटको अत्तोपत्तो थिएन। मन पोल्न थाल्यो। भोलि दश बजेभित्र अस्पताल पुग्न सकिएन भने डाक्टरलाई भेट्न पाइँदैन। भाइलाई फोन गरेँ। उसले भन्दै थियो- हतारै भए नाइट बसमा जानु न त के भयो र ? जहाजको टिकट भाइको आफ्नो ट्राभल एजेन्सीबाट लिएकाले मलाई त्यसमा टेन्सन लिइराख्नपरेन।

मैले नाइट बसको टिकट लिएँ। संयोगले गाउँको एकजना भाइ भेट भयो। 'दाइ तपाईं यहाँ ? अनि अघि भर्खर मात्रै फेसबुकाँ एयरपोटको फोटो हाल्नुभा थ्यो त। प्लेनको फोटो बसको यात्रा हा हा गजब छ है !' उसले मतिर फर्केर खित्का छाडेर हाँस्यो।

## गजल



सुनामी कोसिस

बिदेशिन्छ युवा सम्भावना प्रचुर हुँदाहुँदै
बाँझै रहन्छ बारी उब्जनी भरपुर हुँदाहुँदै
अदालतले छोडपत्रको फैसला गर्दैछ आज
बच्चालाई आमाबाको सामिप्य जरूर हुँदाहुँदै
युवाहरू वालुवामा सपना खोजी रहेछन्
यता देशैभरि अनुपम कोहिनुर हुँदाहुँदै
पाले हुन सार्वजनिक मुद्दासम्म लाग्नु हुँदैन
सभासद् हुन्छ मान्छे मारेको कसुर हुँदाहुँदै

– बिर्तामोड –३ झापा

## ए जिन्दगी



दीपा परियार

जिन्दगी ??
हरपल म टुट्छु
हरपल म जोडिन्छु
हरपल फेरि जान्दछु यो जिन्दगीलाई
हरपल रिसाउँछु म, ए मेरो प्राण
फेरि हरपल किन आफैं मानिजान्छु
जिन्दगी तँ त बडो अजीबको छस्
दया देखाउन त आउँदै आउँदैन तँलाई !
फेरि आशा किन ममा तेरैलागि
जब कि निराशा जाँदैन !
जब घमण्ड बादलको बर्सिन्छ ममा
तर
तँ सूर्यको ताप बनी निराश बनाउँछस्
सोच्छु, हातका लकिरबाट जीवन पाउनुको भाग्य पत्ता लगाउँछु
जिन्दगी फेरि नयाँ पहेली बनेर आउँछस्
जब सोच्छु, आज त जिन्दगीलाई जानिसकेकी छु
म त एउटा त्यो रूख हुँ, जसका पातहरु एकपटक झरिसकेका छन्
तब पनि त्यही हौसला, त्यही आत्मबल, तर एउटै बहुमूल्य चिजको कमी (जिन्दगी )
चिरिदिउँला हरेक ढुंगालाई सानो धार ठिकै होला !
कि म एक धार हुँ
जिन्दगी तँसँग बेहद प्रेम गरेकी छु मैले
तँ स्वीकार गर्नु या त फेरि इन्कार, ठिकै होला ।
ए मेरो प्राण !
गलत कसरी ठहऱ्याउँ जिन्दगीलाई
जब कि मेरो प्रवेश समय नै गलत छ
तरै पनि
कारण जिन्दगीकै
हरपल मजबुत बनाएको छ
मेरो सपनाको सिँढी उचाईमा थियो धेरै
जिन्दगीकै पाठले गर्नेछु त्यो पार
जिन्दगीलाई बुझ्न हिँडेकी म
यता पत्तो आफ्नै छैन, म किन छु यहाँ ?

## दुई नेपाली चलचित्रलाई 'ब्रहास्त्र'को चुनौति

भदौ महिनामा नेपाली फिल्म प्रदर्शनको बाढी नै देखिएको छ। हरेक हप्ता हलमा नयाँ फिल्म टुटेका मात्र छैनन्, एकभन्दा बढी फिल्म प्रदर्शनमा आइरहेका छन्। यसैक्रममा, यो हप्ताको शुक्रवारबाट थप दुई नयाँ फिल्म 'ऐना झ्यालको पुतली' र 'गोर्खा : बिनिथ द ब्रेभरी' देशव्यापी प्रदर्शन उत्रिएका छन्। दुवै फिल्म फरक विषयवस्तु र फरक शैलीमा निर्माण भएका छन्।


यी दुई नेपाली फिल्मलाई मल्टीप्लेक्समा बलिउड फिल्म 'ब्रहास्त्र' ठूलो चुनौति बनेर उभिएको छ। यो फिल्मका कारण दुई नेपाली फिल्म मल्टीप्लेक्सहरुमा न्यून शोमा खुम्चिएका छन्। त्यसमाथि 'ब्रहास्त्र'को बुकिङ हेर्दा केही दिन हलमा यो फिल्मले आफ्नो दबदबा बनाउने देखिन्छ। यो अवस्थामा दुई नेपाली फिल्मलाई हलमा लामो यात्रा गर्न 'वर्ड अफ माउथ' को आवश्यकता पर्नेछ।

विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलहरुमा अवार्ड समेत जितेको 'ऐना झ्यालको पुतली'लाई सुजित बिडारीले निर्देशन गरेका हुन्। केही दिनअघि भएको प्रिमियरमा प्रशंसा बटुलेको फिल्ममा सिरु बिष्ट, कञ्चन चिमरिया, दिनेश खत्री, उमेश श्रेष्ठ, अशोक शिवाकोटीको अभिनय छ। फिल्मका निर्माता आकाश पौडेल, प्रविन स्याङ्बो, सुशान्त श्रेष्ठ, रामकृष्ण पोखरेल र निर्देशक सुजित बिडारी हुन्।

त्यस्तै, गोर्खाहरूका लागि पहिलोपटक भिक्टोरिया क्रस प्राप्त गर्ने राइफलम्यान कुलवीर थापाको वास्तविक कथामा आधारित भएर निर्माण भएको 'गोर्खाः बिनिथ द ब्रेभरी'लाई प्रदीप शाहीले निर्देशन गरेका हुन्। समिर गुरुङ, गौमाया गुरुङ, ओली बस्सी, स्टुअर्ट वाल्कर, एगिस्टिनो ओबरहोफर, रोबिन फ्रिबर्ग, राजन गुरुङ, सूर्य गुरुङ, स्योन शाहीलगायतको फिल्ममा अभिनय छ।

फिल्मको कथा प्रदीप स्वयम्ले लेखेका हुन्। शाई प्रोडक्सनको ब्यानरमा बिनोद सुवेदी खत्री कार्यकारी निर्माता र मधु गुरुङ/प्रयास गुरुङ निर्माता रहेको फिल्ममा निक्को प्रताप गुरुङ र अमृत गुरुङको छायांकन, विश्व शाहीको संगीत, रुपेश गुरुङको सम्पादन, अश्रुती पटेलको कला निर्देशन, बेलेन सिलोगुलारीको कलर, एरमान जम्बकको भिएफएक्स र रबिन श्रेष्ठको साउन्ड ट्र्याक छ।

# कथा: जँड्याहाको शालिक




सुशील नेपाल

ओयसिसको मालिक ग्रेवियल पनि कम छट्ठु थिएन। उसले यो दुःखमा पनि अवसर खोज्न थाल्यो। कन्ट्री म्युजिसियनहरूले पनि 'दिस सङ इज डेडिकेटेट् टु वन एण्ड ओनली टोनी' भनेर गाउन थाले।

उसको नाम एन्थोनी थियो। तर, सबैले उसलाई टोनी भनेर बोलाउँथे। गतवर्ष टोनी अधिक रक्सीसेवनको कारण मरेछ। मरेछ पनि कसरी भने श्रीमतीसँग रातभरि कुटाकुट गरेर म तेरो घरै आउन्न भनेर आफ्नो थोत्रो भक्सवैगन लिएर हुइकिँदै बाहिर निस्केको फेरि फर्केर आउँदा पनि आएन। गएछ अर्को काउन्टीको एउटा गुजरातीको मोटलमा बास बस्न राति बेस्सरी धोकेछ, भोलिपल्ट बिहान कोठा बाह्रबजेसम्म पनि नखुलेपछि गुजरातीले प्रहरीलाई बोलाएर ढोका खोल्दा त टोनी मरिसकेको रहेछ।

हतार-हतार नजिकको अस्पताल लिएर गए। परीक्षण गरियो तर डाक्टरले आई एम सरी भन्दै बाहिर निस्किएर टोनीको इहलीला समाप्त भएको जानकारी दिए।



टोनीको बाबुको ब्रिक्सन काउन्टीमा हार्डवेयरको होलसेल पसल थियो, टोनीकी श्रीमती त्यही काउन्टीको नर्सरीमा काम गर्थी। गाडी र लाइसेन्सले टोनीको परिचय खुलाएपछि परिवारलाई मृत शरीर बुझाएर प्रहरी फर्केपछि त्यो सानो काउन्टीमा टोनीको बारे धेरै नै हल्लीखल्ली भयो। कसैले भने कालगतिले मऱ्यो, कसैले भनें टोनीको जड्याहा स्वभाव या उसको बाबुको व्यवसायी इबीले पनि हुनसक्ने धेरैले शङ्का गरे। यता, इजावेल टोनीकी तेश्री पत्नी बनेर पनि त्यसै आएकी भने थिइन्।

ब्रिक्सन काउन्टीमा रिटर्डसन एण्ड सन हार्डवेयर पसलका धनी रिटर्डसनको टोनी एक्लो छोरा भएरै होला पैसाको कमी नहुने पक्का भएपछि इजावेलले टोनीलाई फसाएकी थिई। यो कुरा कउन्टीमा सबैलाई थाहा थियो।

काउन्टी भन्नाले लगभग १२ हजारको जनसंख्याको बासिन्दा भनेर बुझिन्छ। एकअर्काको नामथर र यावत आनीबानीको जानकारी एकअर्कालाई हुन्छ। बुढा रिचर्डसनको हार्डवेयरको पसल त्यहाँका सबैका लागि आवश्यक सामान पाइने सानदार पसल थियो र रिपब्लिकन पार्टीको दबदबा र डरले ब्रिक्सन काउन्टीमा रिचरडसन एण्ड सनको एकछत्र बोलबाला थियो।

ब्रिकसनको स्कूल स्ट्रीट र फाउन्टेन स्ट्रीटको कुनाको एउटा तिनतुने स्थानमा ग्रेवियलको एउटा सानो तर असाध्यै चल्तीको ओयासिस भन्ने पव थियो। साँझ त्यहाँ गज्जवको रौनक हुने गर्थ्यो। ज्याज र कन्ट्री म्यूजिकले गुन्जनले पूरा परिसर र छेउछाउ पनि संगीतमय हुन्थ्यो।

टोनीलाई खोज्न कतै जानुपर्दैनथ्यो। उसको बासै त्यही हुने गर्थ्यो। ईजावेल पनि साँझ त्यहा रमाइलो गर्न आउँथी र कन्ट्री म्युजिकको मादक लयमा झमझम नाच्दै उफ्रदै गाउँथी ' आई एम मिसिङ यू' ...

टोनी मरेको बेला ईजावेल रोएको पनि धेरैले स्वाङ गरेको भनेर कुरा काटे। रिचर्डसन बुढा पनि बेस्सरी रोयो। परिवारमा उसको त्यही छोरा मात्र बचेको रहेछ। श्रीमती त रिचर्डसनको पार्टनर मोरिससँग सल्केकी रहिछ, टोनी सानै छँदा रिचर्डलाई जिम्मा लगाएर मोरिससँग गइछ।

टोनी मरेपछि रिचर्डसन विरक्त भयो। ईजावेल पनि विक्षिप्तझैं भई। तर, ईजावेललाई सबैले नाटक गरेको भनेर गिल्ला गर्न थाले। यता ओयसिस पर्वमा साँझ परेपछि मान्छेले टोनीलाई सम्झन थाले। कठै बिचारा कसैलाई केही नगरी कुनामा एक्लै बसेर क्या मज्जाले रक्सी घोथ्र्यो हगी भनेर बिचरा बिचरा भन्न थाले।

ओयसिसको मालिक ग्रेवियल पनि कम छट्ठु थिएन। उसले यो दुःखमा पनि अवसर खोज्न थाल्यो। कन्ट्री म्युजिसियनहरूले पनि 'दिस सङ इज डेडिकेटेट् टु वन एण्ड ओनली टोनी' भनेर गाउन थाले।

एकदिन ग्रेवियलले रिचर्डसनसँग प्रस्ताव राख्यो र भन्यो- 'हेर्नुस् हाम्रो काउन्टी टोनी विना कस्तो सुनसान लाग्छ' हामी सबै मिलेर टोनीको एउटा शालिक बनाएर यो फाउन्टेन स्क्वायरमा राख्ने विचार गरेका छौं।

प्रस्तावलाई रिचर्डसनले अस्वीकार गर्ने कुरै थिएन। काउन्टीभरि मानिसहरू के जड्याहाँको पनि शालिक बनाउन लाग्या होला भनेर गाईंगुईं गर्न थाले। तर, ब्रिक्सन काउन्टीमा रिचर्डसनको राजनीतिक कद निकै ठूलो भएकोले कसैको दाल गलेन। फेब्रुअरी ४ तारिख गुड फ्राइडेको दिन टोनीको शालिक अनावरण गरियो।

सबैले फूलमाला चढाए। कसैले करले त कसैले मनले चढाए। ग्रेवियल मनमनै खुसी थियो। रिचर्डसनले तिसहजार डलर दिएको थियो सालिक बनाउन, तर १० हजारमै मूर्ति बने पनि हिसाव बुझाउनु नपर्ने त्यो रकमबाट पनि ग्रेवियलले मुनाफा नै गऱ्यो। यसरी एउटा जँड्याहाको शालिक बन्यो !

# वीपी स्मृति दिवस मनाइयो



**विर्तामोड, भदौ २४।** विक्रम सम्बत् १९७१ भाद्र २४ गते जन्मिएका वीपी कोइरालाको स्मृतिमा झापामा विभिन्न कार्यक्रम भएका छन् ।

यही क्रममा नेपाली कांग्रेस अर्जुनधारा नगर समितिले वडा नं. ७ र ४ को सीमानामा पर्ने बालुवाटारस्थित दुर्गामन्दिरको प्राङ्गणमा रुद्राक्षको विरुवा रोपेर वीपी जयन्ती सम्पन्न गरेको छ ।

कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीको प्रमुख आतिथ्य र सरिता प्रसाईको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला सचिव कृष्ण हुमागाँई, क्षेत्रीय सभापति खगेन्द्र मैनाली, महाधिवेशन प्रतिनिधिहरु, क्षेत्रीय, प्रदेश क्षेत्रीय एवम् नगर समितिका पदाधिकारी सदस्य, क्रियाशील सदस्यहरुको सहभागिता रहेको थियो ।

नगर सभापति हेमराज खरेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा ७ र ४ नम्बर वडाका भुमिहिन सुकुम्बासी संघर्ष समिति अर्जुनधाराका उपसंयोजक फुर्वा लामा, संयोजक प्रेमचन्द्र पौडेल, युवराज पौडेल, मदनकुमार दनुवारलगायतले भूमिहीन एवम् अव्यवस्थित बसोबास गरिरहेका सुकुम्बासीहरुलाई धनीपुर्जा दिलाउन नेताहरुसमक्ष अपिल गरेका थिए ।

नगर उपसभापति प्रशान्त भण्डारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन नगर सचिव मेदनी गुरागाईले गरेका थिए ।

उता भद्रपुर-१० स्थित वीपी चोकस्थित वीपीको शालिकमा माल्यार्पणसहित सभा सम्पन्न गरिएको छ ।

नेपाली कांग्रेस भद्रपुर नगर समितिको आयोजनामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि कांग्रेस केन्द्रीय सदस्य एवं जनताको साथमा कांग्रेस अभियानका केन्द्रीय प्रतिनिधि डा. डिला संग्रौलाले महामानव वीपी कोइरालाले देखाएको बाटोमा सबै हिँड्न सकेमात्रै उनीप्रति सच्चा श्रद्धाञ्जली हुने बताइन् ।

वीपीले लिएको मेलमिलापको नीति, प्रजातान्त्रिक समाजवादी सिद्धान्त आजको परिवेशमा पनि उत्तिकै सान्दर्भिक रहेको चर्चा गर्दै उनले वीपीको संक्षिप्त जीवनीबारे समेत गरिन् ।

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य सुशीला ढकाल, गोमा भट्टराई, प्रदेश नं. १का सहकारी तथा गरिवी निवारणमन्त्री ओमप्रकाश सरावगी, नेपाली कांग्रेस झापा उपसभापति केशवराज पाण्डे, १ नम्बर क्षेत्रीय सभापति इन्द्र बुढाथोकी, ३ नं क्षेत्रीय सभापति गणेश पोखरेल, जिल्ला समिति सदस्यहरु, महाधिवेशन प्रतिनिधिहरु, क्षेत्रीय, प्रदेश क्षेत्रीय, नगर, वडा समितिका पदाधिकारी, सदस्य एवम् भातृ संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

भद्रपुर नगर समिति सभापति राम कडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत उपसभापति रमेश झा र सञ्चालन सचिव अनिता रिजालले गरेका थिए ।

# स्कुटर चोरी गरेको आरोपमा दुईजना पक्राउ

**झापा, भदौ २४।** भद्रपुरमा स्कुटर चोरी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा भद्रपुर-१० निवासी अन्दाजी ३१ वर्षीय प्रकाश खडका र सोही ठाउँका अन्दाजी २८ वर्षीय विकास राजवंशी रहेको प्रहरीले जनाएको छ । भद्रपुर-७ निवासी प्रज्वल ओझाको घरबाट मे११प ८८७ नम्बरको स्कुटर चोरी भएको थियो ।

घरबाटै स्कुटर चोरी भएपछि ओझाले आफ्नो स्कुटरको तस्बिर सामाजिक सञ्जाल फेसबुकमा राख्दै चोरी भएको घटना सार्वजनिक गरेका थिए । फेसबुकमा चोरी भएको स्कुटरको फोटो भाइरल भएपछि बिहीबार बिहान साढे १० बजे भद्रपुर-६ स्थित गिरी चोक नजिकै स्थानीय युवाहरूले स्कुटरको पहिचान गर्दै खड्कालाई नियन्त्रणमा लिएको थियो । खडकाले स्कुटर सडकमा डोऱ्याउँदै लगिरहेका थिए ।

स्थानीय युवाहरूले स्कुटरसहित चोरलाई नियन्त्रणमा लिएर वडा प्रहरी कार्यालय भद्रपुरलाई खबर गरेका थिए । त्यसपछि स्थानीयले स्कुटरसँगै चोरलाई प्रहरीलाई जिम्मा लगाए । चोरी आरोपमा पक्राउ परेका खड्काले विकास राजवंशीले मोटरसाइकल दिएको प्रहरी समक्ष बयान दिएपछि प्रहरीले उनलाई पनि पक्राउ गरेको हो । पक्राउ परेका राजवंशीले स्कुटर चोरी घटनामा आफ्नो कुनै संलग्नता नरहेको प्रहरी समक्ष बयान दिँदै आएको छ ।

पक्राउ परेका दुवै जनालाई वडा प्रहरी कार्यालयले आवश्यक अनुसन्धानका लागि प्रहरी कार्यालय झापा पठाइसकेको छ । यता प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक कैलाश अधिकारीले अहिले घटनाको विषयमा केही भन्न नमिल्ने बताए । घटनाको अनुसन्धान जारी रहेको उनको भनाइ छ ।

# साक्षरता दिवसमा विविध कार्यक्रम

**इलाम, भदौ २४।** ५६औं अन्तराष्टिय साक्षरता दिवसको अवसरमा इलामको रोङ गाउँपालिकामा बिभिन्न कार्यक्रम सम्पन्न भएको छ ।

हाजिरीजवाफ चित्रकला निबन्ध तथा शिक्षक र विद्यार्थी सम्मान लगायतका कार्यक्रम सम्पन्न भएका हुन । हाजिरी जवाफमा गाउँपालिकाका ५ वटा माध्यमिक बिद्यालयबीच कार्यक्रमस्थलमा नै प्रतिस्पर्धा गराइएको थियो । निबन्ध र चित्रकलामा भने वडाबाट छनौट भइ आएकाहरुबीच निर्णायक मण्डलले छानेर उत्कृष्ट घोषणा गरेको थियो ।

यसरी सम्मानित हुने शिक्षक हरुमा उमाकान्त यादव, मित्रलाल भण्डारी, देबीप्रसाद आचार्य, प्रेमराज राई, अनन्त राम ढुगेल, अम्बिकादेबी भट्टराई, खगेन्द्रकुमार दाहाल, गगाप्रसाद धिमाल मेघनाथ कटेल, दिननाथ पोखरेल, इन्द्रबहादुर चम्लागाइ, रामबहादुर गुरुङ, ढुकराज पौडेल, नवराज रिसाल, हेमबहादुर कार्की लगायत अवकास प्राप्त शिक्षकहरु रहेका थिए । त्यसैगरी उत्कृष्ट अंक ल्याइ गाउपालिका उत्कृष्ट हुने विद्यार्थीहरुलाइ समेत सम्मान गरिएको थियो ।

शिक्षा शाखा अधिकृत श्रृतिकुमारी तामाङको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बिद्यालयका शिक्षकहरु विद्यार्थीहरु, बिभिन्न वडाका वडाध्यक्ष लगायत जनप्रतिनिधिहरु स्थानीय बासी पत्रकारहरु लगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी कार्यक्रममा वडा नम्बर ३, ४ र ६का वडा अध्यक्षहरु कार्यपालिका सदस्यहरु लगायतका जनप्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोध गर्दै रोङ गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बोले बिद्यालयले दिएको तथ्याङ्क गलत आएको बताए । 'शिक्षाको गुणस्तरमा सुधार ल्याउन योजना माग गर्दा बिद्यालयले गलत विवरण बुझाएका छन्- अध्यक्ष स्याङबोले सम्बोधन गर्दै भने- 'बिद्यालय शिक्षाको सुधार गर्न शिक्षक बिद्यार्थी र अभिभावक सबै सक्रिय हुनु पर्दछ ।

त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र दाहालले हावापानी सुहाउदो पाठ्यक्रम अनुसार शिक्षा योजना बनाउनु पर्नेमा जोड दिए । रोङ गाउँपालिकामा १८ जना बालबालिका बिद्यालय शिक्षा भन्दा बाहिर रहेको शिक्षा शाखा प्रमुख श्रुतीकुमारी तामाङले कार्यक्रम सञ्चालनको क्रममा जानकारी गराएका छन् । नेपालमा २०३१ साल फागुन १२ गतेदेखि मनाउने गरिएको राष्ट्रिय शिक्षा दिवस देशमा गणतन्त्र को स्थापना भए पश्चात अन्तर्राष्ट्रिय साक्षरता दिवसकै दिन मनाउन थारिएको हो । यसैबीच प्रदेश नम्बर १लाई यही दिवस को अवसर पारेर साक्षर प्रदेश घोषणा गरिएको छ ।

# बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं, भदौ २४।** बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी नुवाकोट शिवपुरी गाउँपालिका-५ घर भएका काठमाडौं महानगरपालिका-२६ सामाखुसी बस्ने २९ वर्षीय पुरूषोतम अधिकारी र चन्द्रागिरी नगरपालिका-८ गौथलिचोक बस्ने २७ वर्षीय नबिन केसीलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पुरूषोतमलाई काठमाडौं गोंगबुबाट र नबिनलाई काठमाडौं महानगरपालिका-११ थापाथलीबाट पक्राउ गरेको हो । पुरूषोत्तम बैंकिङ कसूर मुद्दामा ४० लाख रुपैयाँ विगो ठहर भई फरार रहेका थिए । साथै नवीन बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको २०७९ जेठ २४ गतेको फैसलाले ५ दिन कैद, ५ लाख २५ हजार जरिवाना र २१ हजार रूपैयाँ क्षतिपूर्ति ठहर भई फरार रहेका थिए ।

पुरूषोत्तमलाई थप अनुसन्धान तथा कारवाहीको लागि प्रहरी वृत्त महाराजगञ्ज पठाइएको छ भने नवीनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत लगनखेल ललितपुरमा पठाइएको छ ।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क : ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२, ९७४५२६०८२५

## कर्मचारी आवश्यकता

यस कम्पनी सञ्चालक र विस्तारका लागि केही कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

पद : P.R.O.
संख्या : १० जना (महिला/पुरुष)
शैक्षिक योग्यता : SEE, +२ वा सो सरह
तलब : १५,१०० सम्म

**ग्रेट फ्यूचर कम्पनी**
बिर्तामोड-४, भद्रपुर रोड( झापा)
सम्पर्क: ९८१४३९७३४०/ ९८२३४६६९२१

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| डम्बर कुमार थपलिया | अनारमनि- ३ | १२१ | २३७.०२ | चैतु धिमाल |
| भवित कुमार राजवंशी | पथरिया- १ | ३४८ | ३६०.०० | रंगिलाल रा.व./रंगिलाल हरी वे माझी |
| याम बहादुर चेम्जोङ | धाइजन-५ | १७१ | ०-४-० | पहल मान लिम्बु/बल बहादुर लिम्बु |
| विष्णु प्रसाद गौतम | हल्दीवारी- ९ | ४९५ | ०-५-० | धाकु राजवंशी |
| अर्जुन प्रधान | वाहुनडाँगी-८ | २९१० | ०-२-० | विर बहादुर लाप्चा/विर बहादुर लामा |
| सरस्वति विश्वकर्मा | वाहुनडाँगी-८ | २८२५ | ०-२-० | विर बहादुर लाप्चा/विर बहादुर लामा |
| गोपाल विश्वकर्मा | वाहुनडाँगी-८ | २९४० | ०-२-० | विर बहादुर लाप्चा/विर बहादुर लामा |
| लाल बहादुर तामाङ | वाहुनडाँगी-८ | २०५१ | १-०-० | गणेश बहादुर भुजेल/ गणेश भुजेल |
| डिल्ली प्रसाद सिटौला | जुरोपानी-८ | १९६० | ७२२.०० | चुनु हेमरम सतार |
| चन्दा देवी सिटौला | जुरोपानी-८ | १९५० | ४२०.०० | सत्वति/सत्यवति दासिनी |
| चन्दा देवी सिटौला | जुरोपानी-८ | १९५५ | २१८५.०० | चुनु हेमरम सतार |
| रिता सिटौला | जुरोपानी-८ | १९५९ | ४०२१.७६ | सत्वति/सत्यवति दासिनी/ चुनु हेमरम सतार |


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240




## Qatar मा रोजगारको अवसर

PAPA JOHNS PIZZA QATAR DOHA

पूर्व स्वीकृती मिति: २०७९/५/२२ | LT. NO. 271458 | चलानी नं. ६०१८७११३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER | 20 | 20 | +2 | 1500 | 52,767 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CASHIER | 20 | 20 | +2 | 1500 | 52,767 | | | | | | | |

नोट: +2 and Fluent in English
Food Beverage सम्बन्धी काम गरेका र GCC experience लाई विशेष ग्राह्यता दिइनेछ । उमेरको हकमा २१देखि ३० बर्ष हुनुपर्नेछ ।

प्रि-अन्तरवार्ता यही २०७९ भदौ २९ गते हुँदैछ । प्रि- अन्तरवार्ता नदिई फाइनल अन्तरवार्ता दिन नपाइने । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७९ भदौ ३० गते (15 Sept. 2022) मा यसै कार्यालयमा हुनेछ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
पो.ब.नं. ३२३, कालिकास्थान-३२ (काठमाडौं)
श्रम इजाजत नं. ३९६/०६०/६१
सम्पर्क: ९८५१२६७४४३९, ९८०३०७४४३९, ९८०८०७४५९८

## साउदी अरबमा रेष्टुरेन्ट वर्करमा अवसर

१. कम्पनी : NATIONAL RESTAURANT COMPANY | शहर: Saudi Arabia

पूर्व स्वीकृत मिति:२०७९/०५/२१ | चलानी नं.: ६०१८७०१६ | LT. No.: 271388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 35 | 0 | स. काममा दक्ष | 1500 | ५०,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तरवार्ता यही भदौ २९ गते बुधवार (14th Sept 2022) बिर्तामोडमा हुनेछ ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
श्रम इजाजत पत्र नं: ५७२/०६२/०६३
शाखा कार्यालय:- विनायक होटल (छेउ), विर्तामोड, झापा
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440
CREATING VALUE THROUGH PEOPLE




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।